

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन २६ गते शनिबार ❑ 9 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## अन्नपूर्ण आधार शिविर प्रवेशद्वारमा एकीकृत पर्यटन सूचना केन्द्र

**पोखरापत्र संवाददाता**

पोखरा, २५ फागुन

विश्व प्रख्यात अन्नपूर्ण आधार शिविर (एविसी) प्रवेशद्वार कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकास्थित वीरेठाँटीमा एकीकृत पर्यटन सूचना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

अन्नपूर्ण-८ स्थित वीरेठाँटीमा स्थापना गरिएको सूचना केन्द्र गाउँपालिकाले गौरवको आयोजनाका रुपमा रहेको छ । पर्यटकलाई आफ्नो भ्रमण क्षेत्रको बारेमा पूर्वजानकारी गराउँदै पर्यटन क्षेत्रलाई सुरक्षित बनाउने प्रमुख उद्देश्य केन्द्रको छ । गण्डकी प्रदेश सरकार र गाउँपालिकाको साझेदारी गरी रु ६० लाख लागतमा सो केन्द्र स्थापना गरिएको हो । केन्द्रमा सूचना प्रविधि अधिकृतसहित ती जना कर्मचारीको व्यवस्था गरिएको गाउँपालिकाले जनाएको छ। पर्यटन सूचना केन्द्र विश्वकै उत्कृष्ट अन्नपूर्ण पदयात्रा मार्गको प्रवेशद्वारमा स्थापना गरिएकाले सूचना केन्द्रबाट पर्यटकलाई आवश्यक सूचना तथा जानकारी प्रदान गरिने र पर्यटकलाई अप्ठ्यारो परेको अवस्थामा छिटो उद्धार गर्नसमेत सहयोगी हुने गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाले पर्यटन सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि तयार गरिसकेको छ। "गाउँपालिकाको प्राकृतिक सम्पदा र परम्परागत कला तथा सांस्कृतिक सम्पन्नतालाई विश्व पर्यटकसमक्ष प्रचार, प्रसार र प्रवर्द्धन गर्न पर्यटन सूचना केन्द्र स्थापना गरेका हौं", उहाँले भन्नुभयो, "यसले पर्यटन क्षेत्रको विकासमा नवीनता थप्न तथा एकीकृत पर्यटन व्यवसायलाई सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउने छ ।" सूचना केन्द्रबाट सोधपुछ सहायता, गाउँपालिकाको पर्यटकीय, ऐतिहासिक, धार्मिकस्थलको जानकारी, पदमार्ग रुट सम्बन्धित जानकारी, मौसम सम्बन्धित जानकारी, ट्रेकिङ गाइड सम्बन्धित जानकारी , संरक्षण क्षेत्र भित्र पालना गर्नुपर्ने नियम सम्बन्धित जनकारी प्रदान गरिनेछ ।

यसैगरी आकस्मिक उद्धार एवं आकस्मिक उपचारको लागि समन्वय, हराएका सामानको सम्पर्क, इमेल इन्टरनेटमा पहुँच, जैविक विविधता, हिमाली क्षेत्र र संस्कृतिको अध्ययन अनुसन्धान, जलवायु परिवर्तनसम्बन्धी खोज अनुसन्धान, पर्यटन र प्रविधिको संयोजनसम्बन्धी जानकारी एवं खोज, समुदाय परिचालनसम्बन्धी नमूनालगायतका सेवा प्राप्त हुनेछ । एकीकृत पर्यटन सूचना केन्द्रमा सोधपुछ/सहायता कक्ष, सेवा प्रवाह कक्ष, पर्यटन लाइब्रेरी, सङ्ग्रहालय तथा हस्तकला एवं आन्तरिक उत्पादन प्रदर्शन तथा बिक्री कक्षको व्यवस्था गरिएको गाउँपालिकाका प्रवक्ता भरतमान गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाले सीपमूलक तालिममार्फत लाइसेन्स प्राप्त ३५ जना ट्रेकिङ गाइडसमेत तयार पारिसकेको छ ।

सूचना केन्द्रलाई समयानुकूल प्रविधिमैत्री बनाउँदै लैजाने गरी गाउँपालिकाभित्रका पर्यटकीय, ऐतिहासिक, धार्मिक क्षेत्र, पर्यटन पदमार्ग, महत्वपूर्ण स्थानको जानकारी, तीन सय ६० डिग्री भ्यु, भर्चुअल टुर, फोटो, भिडियो, गाउँपालिकाका क्षेत्रभित्र गर्न सकिने क्रियाकलाप, होटल तथा होमस्टे विवरण सहितको पर्यटन पोर्टल एवं मोबाइल एप्लिकेसनसमेत सञ्चालनमा ल्याइएको छ ।

समग्र पर्यटन क्षेत्रको विकासको लागि सूचना केन्द्रमार्फत ट्रेकिङ गाइड, होटल व्यवस्थापन तालिम हस्तकला सामग्री उत्पादनलगायतका विभिन्न सीपमूलक तालिम प्रदान गरिने बताइन्छ । सूचना केन्द्रलाई जैविक विविधता, हिमाली क्षेत्र र संस्कृतिको अध्ययन अनुसन्धान, जलवायु परिवर्तनसम्बन्धी खोज अनुसन्धानको हबको रुपमा विकास गर्दै लैजाने लक्ष्य लिइएको लिइएको प्रवक्ता गुरुङले बताउनुभयो ।

उहाँले आवश्यकताका आधारमा अन्य स्थानमा समेत सेवा केन्द्र स्थापना र सञ्चालन गर्न सकिने जानकारी दिनुभयो । वीरेठाँटी अन्नपूर्ण आधार शिविर तथा प्रख्यात घोरेपानी र पुनहिल पर्यटकीय क्षेत्रको प्रवेशद्वारका रुपमा रहेको छ । वीरेठाँटीबाट पदयात्रा सुरु गरी पर्यटक पुन हिल तथा घोरेपानी पुग्ने गर्दछन् ।

## अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा विभिन्न क्षेत्रका महिला सम्मानित

**पोखरापत्र संवाददाता**

पोखरा, २५ फागुन

अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा गण्डकी प्रदेश सरकारले विभिन्न क्षेत्रका महिलाहरुलाई सम्मान गरेको छ।

महिलाहरुलाई उत्साह थप्न, शसक्तिकरणको जगलाई बलियो बनाउन र महिलाको क्षेत्रमा लगानी गरि समाजलाई समविकासको अवधारणामा गुडाउनका लागी विभिन्न क्षेत्रका महिलाहरुलाई प्रदेश सरकारले प्रोत्साहन गर्न सम्मान गरेको हो ।

गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय को उत्कृष्ट महिला सहयोग कार्यक्रम अर्न्तगत गण्डकीका



विभिन्न जिल्लावाट विभिन्न विधामा सम्मानित प्रतिभाहरुलाई सम्मान गरेको हो । पत्रकारिता क्षेत्रवाट सम्मानित हुनुभएकोमा कास्कीका क्रियाशिल पत्रकार दुर्गा अधिकारी, राधिका कर्णेल, प्रतिक्षा काफ्ले, पत्रकार एवं हिमाल आरोही पूर्णिमा श्रेष्ठ, सामाजिक अभियन्ता विना सिलवाल दिदी, टेवानका अध्यक्ष कमला गिरी रहेकी छन् । उनीहरुलाई सम्मानको साथमा नगद पचास हजार प्रदान गरिएको छ । त्यस्तै हिमाल आरोही दिकी ल्हमु लामा, नानुमाया गुरुङ, उद्यमीहरु हिरा भट्टराई, कान्छी गुरुङ र चन्द्रकला राना, सामाजिक अभियन्ता कमला पराजुली, विनाकुमारी सिलवाल, साहसिक पर्यटनतर्फ फुन्जो झाङ्मु लामा, मनु गुरुङ, खेलकुदबाट रेखमाया गुरुङ, भाषा संस्कृतिबाट तारामाया थापालाई सम्मान गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका सचिव प्रकाश पौडेल, गण्डकी प्रदेशको नीति तथा योजना आयोगका सदस्य डा। सुवास अधिकारी, पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी लगायतले सम्मान गरे ।

## शिवरात्रिमा पुम्दीकोटमा १० हजारभन्दा बढी भक्तजन

**पोखरापत्र संवाददाता**

पोखरा, २५ फागुन

पोखरा महानगरपालिका-२२ स्थित पुम्दीकोटमा अवस्थित प्रसिद्ध विशाल महादेव मूर्तिको दर्शनका लागि शुक्रबार एकै दिनमा १० हजार बढी श्रद्धालु भक्तजन पुगेका छन् ।

महाशिवरात्री पर्वका अवसरमा पोखरा तथा आसपासका जिल्लाबाट ठूलो सङ्ख्यामा भूमेश्वर (महादेव) को पूजाआजाका लागि भक्तजनको




भीड लागेको हो । महाशिवरात्रि पर्वको अवसरमा बिहानदेखि दर्शनार्थी र पर्यटक महादेव मूर्ति परिसरमा जम्मा भएको र यो यसवर्षको सबैभन्दा बढी दर्शनार्थी


बाँकी अन्तिम पृष्ठमा ▶▶


## रेडियो जननीद्धारा छ जना आमालाई सम्मान

**पोखरापत्र संवाददाता**

पोखरा, २५ फागुन


रेडियो जननीले ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर पोखराका ६ आमालाई सम्मान गरेको छ ।

आफ्नो ११ वार्षिकोत्सवको अवसर पारेर विगतका वर्षमा पनि आमा सम्मान गर्दै आएकोमा संस्थाले यसै वर्षबाट आमा अवार्ड वितरण शुरु गरेको जनाएको छ । उक्त अवार्ड ९५ वर्ष माथिका आमाको रेखदेख गरिरहेका छोराछोरी, दाजुभाइ तथा दिदीबहिनीका परिवारलाई प्रदान गरिएको आमा अक्षयकोषका संरक्षक तथा पद्मावती मिडिया प्रा.लि.का अध्यक्ष हिरा भट्टराईले जानकारी दिनुभयो ।



कार्यक्रममा चन्द्रमाया कार्की आमा अवार्डवाट पोखरा १४ निवासी मन्धरा गुरुङसेनी, सरिता शेरचन आमा अवार्डवाट पोखरा-४ की उमादेवी गोथाजुका परिवार, रुकमाया थापा आमा अवार्डवाट पोखरा-१६ बाटुलेचौर निवासी चित्राकुमारी थापा, गम्भीरा भट्टराई आमा अवार्डवाट पोखरा–६ का नन्दकली पौडेल, लक्ष्मी भट्टराई आमा अवार्डवाट पोखरा-६ कै असली लामिछाने र विष्णुमाया आमा अवार्डवाट सुकमाया सुनार्नीलाई सम्मान गरिइएको थियो । उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सभाका सदस्य प्रकाश बरालले दोसल्ला, सम्मानपत्र र करुवाले सम्मान गर्नुभएको हो । सम्मान कार्यक्रममा बोल्दै प्रमुख अतिथि बरालले जेष्ठ नागरिक तथा आमाहरुलाई रेडियोले सम्मान गर्नु उदाहरणीय कार्य भएको बताउदै समतामुलक समाज र्निमाणका लागि महिलाहरु आत्मनिर्भर हुन जरुरी बताउनुभयो । आत्मनिर्भर हुनका लागि सिपमा जोड दिनुपर्ने उहाँको भनाई छ। अहिले कानुनले पनि महिलाहरुलाई धेरै अधिकार दिएकोले महिलाहरु पनि अग्रसर भइरहेको बरालले बताउनुभयो । उहाँले विभिन्न ठाउँमा महिलाको प्रतिनिधित्व हुनु एउटा सकारात्मक सुरुवात भएको बताउनुभयो । महिलालाई अझै अगाडी लैजानको लागि यस्ता कार्यक्रमहरुले जागरुक बनाउनुपर्नेमा उहाँको जोड छ। आमालाई सम्मान गर्ने जस्ता कार्यक्रमहरु मिडियाले गर्दै गयो भने आगामी दिनहरुमा महिला हिंसाका घटनाहरु न्यूनिकरण हुने र महिलाहरु आर्थिक रुपमा सशक्त हुन सक्नेमा उहाँको विश्वास छ। त्यस्तै जेष्ठ नागरिक सम्मान कार्यक्रमले वृद्धवृद्धालाई विद्धाश्रम लैजाने संस्कारलाई निरुत्साहित गर्न मद्धत पुग्ने सभासद बरालको भनाई छ। वि.सं. २०७० वैशाख ३० गते अक्षय तृतीयाको दिनदेखि पहिलो आवाज उद्यमशिलताको लागि, दोस्रो आवाज स्वतन्त्रताको लागि र तेस्रो आवाज समानताको लागि भन्ने नारालाई लिएर श्रोतामाझ पुगेको रेडियोको २०७० फागुन २४ गते १०४ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको दिन तत्कालिन सुचना तथा सञ्चारमन्त्री डा. मिनेन्द्र रिजालद्धारा औपचारिक उद्घाटन भएको थियो । समाज विकासको पहिलो आधार उद्यमशिल समाज निर्माण गर्नु हो र रेडियोले सञ्चारको माध्यमवाट यही उद्घोष गरेर उद्यमशिलतालाई स्वतन्त्र र समानताको आभास सहित रेडियो तरङ्गीत भएको हो । आवाजमा शक्ति हुन्छ, तसर्थ परिवर्तनका लागि आवाजहरु उठाउनुपर्छ भनेर रेडियो स्थापना भएको हो । र अहिले पछिल्लो समय आमाहरुको सम्मानका लागि भनेर अक्षयकोष राखेर आमाहरुलाई सम्मान गर्ने व्यक्तिहरुलाई आमा अवार्डवाट सम्मानित गरेको पद्मावती मिडिया प्रा.लि.का अध्यक्ष हिरा भट्टराईले जानकारी दिनुभयो । जवसम्म समानमा उद्यमशिलताको विकास हुदैन् तवसम्म समाज र राष्ट्रको विकास हुन सक्दैन् भन्ने मर्मलाई रेडियोले सँधै पछ्याइरहेको र आर्थिक समृद्धिलाई रेडयोले जोड दिएको भट्टराईले बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य सरिता तिमिल्सिना, पोखरा महानगरपालिका वडा नं. ४ का वडाध्यक्ष देवकृष्ण पराजुली, १७ का वडाध्यक्ष राधिकायोगी शाही, २ का वडाध्यक्ष दिवसमान प्रधानाङ्ग, ६ का वडा सदस्य शोभा जलारी, प्रध्यापक वेदहरी तिमिल्सिना, जिल्ला सहकारी संघका अध्यक्ष सावित्रा कोइराला, प्राकृतिक स्रोत व्यवस्थापन कलेज पुरनचौर क्याम्पसका प्रमुख प्राध्यापक डा. दुर्गा देवकोटा, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, अवार्ड छनौट समितिका संयोजक असफल गौतम लगायतले बोल्नुभएको थियो । पद्मावती मिडिया प्रा.लि.का अध्यक्ष हिरा भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन रेडियोका वरिष्ठ कार्यक्रम प्रस्तोता जमुना वर्षा शर्माले गर्नुभएको थियो ।

# गण्डकीका २९ स्थानमा चक्लाबन्दी खेती

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन

व्यावसायिक कृषि उत्पादनका लागि गण्डकी प्रदेशका छ जिल्लाका २९ स्थानमा जग्गा चक्लाबन्दी गरिएको छ। प्रदेश सरकार स्थापना भएयता कुल पाँच हजार चार सय ९६ खेतीयोग्य भूमिको चक्लाबन्दी गरिएको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जनाएको छ।

मन्त्रालयको भूमि स्रोत नक्साङ्क महाशाखाका प्रमुख गङ्गालाल पोखरेलले कास्की, तनहुँ, बागलुङ, मुस्ताङ, स्याङ्जा र नवलपुरमा चक्लाबन्दी खेती सुरु गरिएको जानकारी दिनुभयो। गत आवमा तनहुँ र नवलपुमा गरी पाँच सय ३२ रोपनी जग्गालाई चक्लाबन्दी गरिएकामा चालु आर्थिक वर्षमा लमजुङ र गोरखाको पाँच सय रोपनीमा उक्त कार्यक्रम सुरु गरिने उहाँले बताउनुभयो।

"लमजुङ र गोरखामा जग्गा चक्लाबन्दीका लागि स्थान छनोट हुन बाँकी छ। प्रदेश सरकारले नमूना कार्यक्रमका रूपमा जग्गाको चक्लाबन्दी गरिरहेको हो", प्रमुख पोखरेलले भन्नुभयो, "कार्यविधि बनाएर आगामी वर्षदेखि यो कार्यक्रम स्थानीय तहलाई हस्तान्तण गर्ने तयारीमा मन्त्रालय छ।" चक्लाबन्दी गरिएको जग्गामा उत्पादन र उत्पादकत्व वृद्धि गर्न दश समूह/सहकारीलाई यन्त्र, उपकरण खरिदमा समेत सहयोग गरिएको उहाँले जानकारी दिनुभयो। छरिएर रहेको कृषियोग्य भूमिलाई एकीकरण गरी कृषि क्षेत्रको आधुनिकीकरण र यान्त्रीकरणमार्फत उत्पादन लागत घटाउन जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालनमा ल्याइएको महाशाखा प्रमुख पोखरेलको भनाइ छ। "लागत अनुमानका आधारमा चक्लाबन्दीका लागि ९० प्रतिशतसम्म अनुदान मन्त्रालयले दिन्छ। १० प्रतिशत लगानी किसान आफैंले गर्नुपर्छ", महाशाखा प्रमुख पोखरेलले भन्नुभयो, "चक्लाबन्दी खेतीका लागि ५० रोपनीभन्दा बढी जग्गा हुनुपर्छ।" वर्षौंदेखि बाँझो रहेका जग्गामा समेत चक्लाबन्दीपछि व्यावसायिक खेती गर्न थालिएको उहाँले बताउनुभयो। मन्त्रालयले बर्सेनि चक्लाबन्दी कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको योजना तथा अनुगमन महाशाखाका वरिष्ठ कृषि अर्थविज्ञ भानुभक्त भट्टराईले बताउनुभयो।

खण्डीकृत र वर्षौंसम्म बाँझो रहेको जग्गामा चक्लाबन्दी कार्यक्रम सुरु भएपछि किसान लाभान्वित बनेका उहाँको भनाइ छ। "ठुलाठूला व्यावसायिक कृषि फार्म सञ्चालनका लागि यो कार्यक्रम उपयोगी छ। खेतीयोग्य जग्गाको खण्डीकरण पनि रोकिन्छ", वरिष्ठ कृषि अर्थविज्ञ भट्टराईले भन्नुभयो। बागलुङको निलुवा, ढोरपाटनलगायत क्षेत्रमा वर्षौंदेखि बाँझो रहेका जग्गामा चक्लाबन्दी गरेसँगै खेती सुरु भएको उहाँले सुनाउनुभयो। "चक्लाबन्दी गरिएको जग्गामा अन्नबाली, तरकारी, फलफूललगायतका खेती भइरहेको छ", अर्थविज्ञ भट्टराईले भन्नुभयो, "चक्लाबन्दी कार्यक्रम सुरु भएपछि व्यावसायिक कृषितर्फ किसानको आकर्षण बढेको छ।" बागलुङको गलकोट नगरपालिका-४ निलुवामा चक्लाबन्दी खेती गर्दै आएको सयपत्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष चिन्तामणि शर्माले मन्त्रालयले खेती विस्तार, सिँचाइलगायतमा किसानलाई सघाउनुपर्ने बताउनुभयो। वर्षौंसम्म बाँझो रहेको निलुवाको जग्गालाई चक्लाबन्दीपछि व्यावसायिक कृषि उत्पादन सुरु भइसकेको छ।

निलुवामा आलु, केराउ, सिमीलगायत तरकारीजन्य बालीको खेती हुँदै आएको सहकारीले जनाएको छ। यहाँका ७३ किसानको एक सय ५० रोपनी जग्गालाई दुई वर्षअघि चक्लाबन्दी गरिएको थियो। पाँच सय गरामा बाँडिएको जग्गालाई अहिले ४३ 'प्लट' बनाइएको छ।

निलुवामा चक्लाबन्दी कार्यक्रमका लागि मन्त्रालयले रू ३६ लाख ४९ हजार अनुदान सहयोग दिएको थियो। सहकारीले प्रतिरोपनी वार्षिक रू दुई हजार तिर्नेगरी विसं २०९० सम्मलाई जग्गा भाडामा ल्याएर चक्लाबन्दी खेती सुरु गरेको हो। खेती गर्न छाडेपछि बाँझो रहेको जग्गामा उक्त कार्यक्रम सुरु भएपछि जग्गाधनी किसान पनि खुसी छन्।

# मानव धर्म सेवा समितिमा महाशिवरात्री महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन



शिवरात्री पर्वको अवसरमा मानव धर्म सेवा समितिको आयोजनामा महाशिवरात्री महोत्सव २०८० सम्पन्न भएको छ।

शुक्रबार श्री हंस कृति आश्रम बुटवलमा भएको कार्यक्रममा मानव धर्मका प्रणेता श्री सद्गुरु देव महाराजले शिवले ध्यान गर्ने तत्वलाई जानेर अघि बढ्न सकियो भने जीवनमा सार्थक हुने बताएका छन्। उनले भने, 'अध्यात्मले शान्ती फैलाउनका लागि महत्वपुर्ण भुमिका खेल्ने भएकाले यस्ता कार्यक्रमले मानिसमा शान्तीको सन्चार गर्नेछ। आध्यात्मिक शान्तीका लागि आत्मज्ञान महत्वपुर्ण रहेकाले नामको महत्वलाई बुझ्न सकियो भने मानव जिवनको सार्थकता पुर्ण हुनेछ।' भारतमा राम मन्दिर बन्नका लागि ५ सय वर्षको प्रतिक्षा गर्नुपरेको सन्दर्भलाई जोड्दै उनले नेपालमा विराट सत्संग कार्यक्रम गर्न ५ वर्ष लागेको अनुभव सुनाए। उनले भने, मानव जीवनमा राम बन्न पहिले राम नामको तत्वलाई जान्न पर्नुपर्नेमा जोड दिए। कोभिड १९ का कारण नेपालमा पाँच वर्षदेखि सत्संग कार्यक्रम हुन सकेको थिएन। यसअघि २०७५ मा झापाको धुलावारीमा सत्सगं कार्यक्रम भएको थियो।

कार्यक्रममा श्री विभुजी महाराजले आजको दिनमा शिवरात्रीसँगै नारी दिवसपनि सँगै परेकाले यसलाई संयोगका रुपमा लिनुपर्ने बताए। उनले भने,'संसारमा आउनुको कारण दुख र सुख दुवै कुरा भोग्न आएकाले यी सबै प्रक्रियालाई हामीले भोग्नै पर्ने बताए। संसारमा माया दुखको कारण रहेकाले यसबाट कोही पनि अछुतो नरहने सुनाएका छन्।'उनले थपे,'संसारमा दुखको कारण अज्ञानता रहेकाले वास्तविक स्वरुपको बारेमा जान्नु आवश्यक रहेको बताए। सत्यको परिभाषा भनेको परिवर्तन नहुने विषय भएकाले हामीले के कुरालाई सत्य मान्ने भनेको यो संसारको अनुभव गर्नका लागि गरिने मानव जीवनको प्राणशक्ती रहेकाले यसको महत्वका बारेमा बुझ्नु पर्ने अहिले आवश्यक्ता हो।' कार्यक्रमका बोल्दै जिल्ला समन्वय समितिका संयोजक उमाकान्त चपाईले गौतम बुद्ध र पशुपतिनाथको देशमा हामीले यस्तो कार्यक्रम गर्न पाउनु नै भाग्यको कुरा भएको बताए। यस्ता कार्यक्रमले मानिसलाई अध्यात्ममा लाग्न प्रेरणा मिल्ने सुनाए। बुटवल उपमहानगर पालिकाका उपप्रमुख खेलराज पाण्डेले धार्मिक दृष्टिकोणबाट बुटवललाई अघि बढाउन लागेकाले यस्ता कार्यक्रमले सघाउन पुग्ने बताए। बुटवलमा यसअघि २०७० सालमा एक दिवसीय कार्यक्रम भएको थियो। ११ वर्षपछि पुनः बुटवलले कार्यक्रम गर्ने अवसर पाएको हो। कार्यक्रमका वक्ताहरुले बुद्धको जन्म स्थान लुम्बिनीमा आयोजना भएको यो कार्यक्रमले शान्तीको सन्देश दिएको बताए। महाशिवरात्री महोत्सवको अवसरमा शुक्रबार बिहान युवा संगठन र बाल सभाले विभिन्न प्रस्तुती दिएका थिए। शिवरात्री महोत्सवमा विभिन्न सांस्कृतिक कार्यक्रमका साथै भक्ती संगीतका कलाकारले सुमधुर भक्ती संगीत प्रस्तुत गरेका थिए। शिवरात्री महोत्सव अघि बिहान प्रभातफेरि कार्यक्रम आयोजना गरिएको थियो। प्रभातफेरिमा आश्रम प्राङ्गण हुँदै ब्लड बैंक,अमरपथ, ज्योति विकास बैंक, नविल बैंक, मेनरोडबाट मिलनचोक, तिनकुने, इट्टाभट्टी हुँदै पुनः आश्रम प्राङ्गणमा आएर टुङ्गीएको थियो। कार्यक्रको पुर्वसन्धयामा बिहिबार सरसफाइ कार्यक्रम भएको थियो।

# अपाङ्गताका मुद्दालाई प्रदेश सभामा उठाउने प्रतिवद्धता: प्रदेश सभा सदस्य गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन

गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङले प्रदेश सभामा अपाङ्गताका मुद्दाहरूलाई विशेष रूपमा उठाउने प्रतिवद्धता व्यक्त गर्नुभएको छ।

कास्की नेत्रहिन संघको आयोजनामा शुक्रबार पोखरामा आयोजित अपाङ्गता भएका महिलाहरूलाई कानुनी सचेतना, लैङ्गिक समानता, प्रजनन स्वास्थ, प्रविधिमा पहुँच र उनिहरूको सशक्तिकरण विषयक गोष्ठीको उद्घाटन गर्दै उहाँले आँफूले अपाङ्गताका मुद्दालाइ निरन्तर उठाएको बताउनुभयो।

आगामी दिनहरूमा पनि आफ्नो तर्फबाट अपाङ्गताको क्षेत्रमा सहयोग गर्ने र प्रदेश सरकारसँग जोड्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ अनुशासन आयोगका पूर्व केन्द्रिय सदस्य तथा साहारा आधारभूत विद्यालयका प्रधानाध्यापक लोचना अधिकारी र अधिबक्ता भूवन पराजुलीले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो। संस्थाका अध्यक्ष श्रीकान्त सापकोटाको अध्यक्षतामा पोखरा महानगरपालिका वडा नं ५ स्थित धर्मस्थली आधारभूत विद्यालयको सभाहलमा सञ्चालित गोष्ठीमा ३२ जना अपाङ्गता भएका महिला सहभागी थिए।

## वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरू

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हड्तालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौ:**

- आफूखुसी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट बञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं।

*कुनै समस्या परे नजिकको नेपाली दूतावास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## शिवरात्रिमा ...

आएको दिन भएको पुम्दीकोट विकास संस्थाका अध्यक्ष चन्द्रकान्त बरालले बताउनुभयो। दक्षिण दिशातर्फ फर्काएर राखिएको ५१ फिट अग्लो महादेवको मूर्तिको दर्शन तथा दूध चढाउनका लागि भक्तजनको बाक्लो उपस्थिति रहेको थियो। श्रद्धालु भक्तजनहरूले विशाल महादेवको मूर्ति परिसरमा पुगेर पूजाआजासहित एक सय आठ शिव लिङ्गमा दूध चढाएका छन्। पुम्दीकोट पछिल्लो समयदेखि पर्यटकको आकर्षक गन्तव्यका रूपमा विकास भएको छ। पोखराको मुख्य बजार क्षेत्रबाट १३ किमी दूरीमा रहेको विशाल महादेवको मूर्तिसँगै यहाँबाट पोखरा, फेवाताल र हिमशृङ्खला एकसाथ अवलोकन गर्न सकिन्छ।

भगवान् शिवको विशाल मूर्तिसहित आकर्षक भौतिक संरचना निर्माण थालिएसँगै यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको संस्थाका अध्यक्ष बरालले बताउनुभयो। विभिन्न पर्वबाहेक पनि दैनिक यहाँ स्वदेश तथा विदेशबाट पर्यटक पुग्ने गरेका छन्। यसैगरी महाशिवरात्रीका अवसरमा पोखराका अन्य विभिन्न शिव मन्दिरमा भक्तजनको बाक्लो उपस्थिति रहेको थियो। विन्ध्यवासिनीमन्दिर, केदारेश्र लगायतका मन्दिरमा भक्तजनले पूजाअर्चना तथा दूध चढाएका छन्।

# नाटक 'रिफण्ड' को पब्लिक शो शनिबारबाट

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन



'बुकिङ शो' मार्फत पोखरामा मञ्चन भैरहेको नाटक 'रिफण्ड' शनिबारबाट 'पब्लिक शो' मार्फत मञ्चन हुने भएको छ। फागुन १४ गतेबाट पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन भैरहेको नाटक फागुन २८ गतेसम्म मञ्चन हुनेछ।

शनिबार दिउँसो १ बजे तथा आइतबार र सोमबार साँझ ५ बजे यो नाटक मञ्चन गरिने पोखरा थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिए। हालसम्म यो नाटक १४ शो मार्फत झण्डै ३ हजार जनाले बुकिङ शो मार्फत हेरिसकेको उनले दावी गरे। पब्लिक शो मार्फत नाटक हेर्न २ सय रुपैयाँ शुल्क लाग्नेछ। हङ्गेरियन लेखक फ्रिज क्यारेन्थिले सन् १९३८ मा लेखेको यो नाटकलाई नारायण न्यौपानेले नेपालीमा अनुवाद गरेका हुन्। यो नाटक कक्षा ११ को अनिवार्य अंग्रेजी विषयमा समावेश गरिएको छ। कमेडी जनरामा निर्माण भएको ४० मिनेट अवधिको नाटकले घोकन्ते शिक्षा भन्दा व्यवहारीक र सिपमुलक शिक्षामा जोड दिएको छ।

नाटकमा रमेश बाबु तिमल्सिना, धनकाजी श्रेष्ठ, मिलन श्रेष्ठ, रोहीत पौडेल, आदित्य सुनार, ज्योती हमाल, सुसन पौडेल, रोशनी रामदामको अभिनय हेर्न पाइन्छ। पोखरा थिएटरको प्रस्तुतीमा तयार भएको नाटकको निर्देशन परिवर्तले गरेका छन्। नाटकलाई धेरैं दर्शकमाझ आर्कषक शैलीमा पुऱ्याउनका लागि प्रकाश संयोजनमा मिलन श्रेष्ठ, ध्वनी संयोजनमा रोहित पौडेल, प्रचारप्रसारमा प्रथम श्रेष्ठ, स्टेज निर्माणमा विकास अधिकारी, बक्स अफिसमा सुभेक्षा शर्मा, डिजाइनमा अनिषा खरेल र बजार व्यस्थापकमा रहेर प्रकाश पराजुलीले साथ दिएको थिएटरले जनाएको छ।


पछिल्लो समयमा नाटकप्रति स्कुलमा अध्ययनरत विद्यार्थीको आर्कषण समेत बढेको छ। पोखरा थिएटरको संयोजनमा पोखराका १७ विद्यालयमा नाटकको कक्षा समेत सञ्चालन भैरहेको थिएटरका संस्थापक सदस्य दीलप्रसाद गुरुङले जनाए।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :

- शरिरको एक हर नचल्ने।
- मुख बाङ्गो भएको।
- खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# भगवान शिव, शिवरात्री र समाजवाद

राजेन्द्र भण्डारी

**भगवान शिव**

हिन्दु धर्ममा ३३ करोड देवीदेवताहरू हुँदा पनि पुर्वीय सभ्यतामा भगवान शिवको स्थान शीर्ष रहेको पाइन्छ । करिव पाँच हजार वर्षदेखि नै शिवको अनेकौं रूपमा पुजा हुँदै आएको छ । माउण्ट कैलाशदेखि पशुपतिनाथ हुँदै रामेश्वरमसम्मका हिन्दु मनमा शिव विराजमान हुनुहुन्छ । काल र भूगोलका दुवै यात्रामा शिवको व्यक्तित्वलाई अनेकौं स्वरूपमार्फत मानव जीवनका हरेक क्रियाकलापमा नवीन चेतना र शाश्वत सन्देशका रूपमा लिइएको छ। 'शिव' संस्कृत भाषाको शब्दबाट आएको हो । जसको अर्थ कल्याणकारी भन्ने हुन्छ। 'शि' को अर्थ पापलाई नाश गर्ने र 'व' को अर्थ दाताको रूपमा चिनिन्छ । शब्दको मिश्रणअनुसार शिवको पूर्ण अर्थ सम्पूर्ण प्राणीको पालन गर्ने अलौकिक र शाश्वत हुन जान्छ।



जुन पुरुषले नित्य, आनन्द र जीवन बाँच्नका लागि सदैव ऊर्जा दिन्छ, त्यो नै शिव हो । हरेक प्राणीको जन्म र मृत्यु ऊर्जाबाट हुने हुँदा शिव ऊर्जा हुन् । मानवीय मूल्यशास्त्रको आधारमा सत्यम्, शिवम्, सुन्दरम् नै शिव भएकाले शिव निरञ्जन, निराकार र निरन्तरता हुन् । शिव तत्व, जीवन मिमांसा र विज्ञान तथा अविचलिता साथै शुन्यता आदिका प्रतीक हुन् । जसले खरानीमा जीवनको बीज रोप्दछ, अर्धनग्नतामा सुन्दरता देख्दछ र मनको सुन्दरताको बलले संसारलाई सञ्चालन र निर्देशन गर्दछन् उनी नै शिव हुन् । शिव आडम्बरविहीन भएकाले उनी प्राकृतिक रूपमा असाध्यै सरल र भोला देखिन्छन् । वस्त्रका ठाउँमा बाघाम्बर, आभूषणको रूपमा सर्प र मुण्डमाला साथै श्रृङ्गारका नाउँमा भष्म लगाएर श्मसानदेखि कैलाशसम्म ध्यानी र योगीका रूपमा चिनिने शिवको स्वरूप जति सरल र अर्थपूर्ण छ त्यति नै जटिल र विशालताले भरिएको छ। मानव जीवनको प्रचार, प्रसारका साथै पिनाक, पाशुपतास्त्र लगायतका शस्त्रअस्त्र निर्माण र प्रयोग गरेका शिव आदिदेव साथै वैज्ञानिक पनि हुन् । शिव सफल गृहस्थ र महान सन्यासी हुन् । उनले भौतिक संसार र आध्यात्मिक सन्यासका बिचमा समन्वयकर्ताको भूमिका निर्वाह गरेका छन् । उनी एक अनुशासित र पूर्ण स्थिर नर्तक पनि हुन् । देवता तथा दानव दुवैले पूजा गर्ने देवताका साथै देवका पनि देव महादेव हुन् । मनले सदैव अतीतको स्मृति, भविष्यको कल्पना र वर्तमानको चिन्तन गर्दछ। शब्द विना न स्मृति हुन्छ, न कल्पना र न चिन्तन नै हुन्छ । सबै स्मृति, कल्पना र चिन्तन शिवकै माध्यमबाट चल्दछ। शिवको जन्म र मृत्यु छैन । संसार रहे पनि शिव छन्, नरहे पनि शिव हुन्छन् ।

**भगवान शिव र समाजवाद :**

असल व्यक्तिको कीर्ति कुनै एक समय र युगमा मात्र सिमित हुँदैन । उनका लोककल्याणकारी चिन्तन कालजयी बन्छन् र युगौं युगसम्म समाजलाई मार्ग निर्देशन गरेका हुन्छन् । उनले देखाएका सत्यका किरणहरूले मानव जीवनमा मात्र नभएर सभ्यता र संस्कृतिलाई पनि समृद्ध र शक्तिशाली बनाएका हुन्छन् । यस्ता अमर आत्माहरूको दृष्टि व्यक्तिगत जीवनका स्वार्थलाई त्यागेर समाज, मानवता र धर्ममा केन्द्रित रहेको हुन्छ । यस्तै महान क्रान्तिकारी, समाजवादी तथा कर्मयोगी हुन् शिव । वस्तुतः आफ्ना विरोधी एवंम् शत्रुलाई मित्र बनाउनु नै शिव शक्ति हो । जसलाई समाजले तिरस्कार र घृणा गरेका हुन्छन् उनैलाई शिवले आफ्नो मनमा सजाएका मात्र छैनन् बरु उनैलाई आमन्त्रित गरेका छन् । जसलाई भूमिहीन बनाइ परिवारका साथ जन्मभूमिबाट निकाला गर्ने कठोर सजाय दिइयो उनीहरूलाई नै गाँस, बास र कपडाको व्यवस्था मिलाइ उनीहरूसँग आत्मसात् गरि उनीहरूकै आतिथ्यलाई ग्रहण गरे । समाजमा अधर्मका प्रतीकका रूपमा रहेका नङ्ग, धङ्ग, अङ्ग भङ्ग, भूत पिशाच, डङ्किनी आदिलाई गण र साथी मात्र बनाएनन् बरु आत्मीय र प्रेरणाका मार्गदर्शक बनाए। एक हजार करोड भूत, प्रेत, पिशाच, डमरु र नगराका गन्धर्व किन्नर आदिलाई राजा हिमालयकी पुत्री पार्वतीसँगको विवाहमा सहयात्रीको रूपमा मात्र सहभागी गराएनन् बरु अभिन्न मित्र पनि बनाए र उच्च स्तरको जीवन मूल्यका आदर्शहरूलाई प्रस्फुटित गराए । सबैको अस्तित्वलाई स्वीकार गरी ब्रह्माण्डको सुरक्षा र सन्तुलनका लागि सबैको अपिहार्यतालाई सारा देव मण्डलमा उजागर गरेर कुलीन र सिमित वर्गलाई चर्को चुनौती समेत दिए । लोककल्याणकारी शासन, समावेशी, साथै सहभागितामूलक सिद्धान्तलाई पूर्णत व्यवहारमा अपनाएका शिव देवता र दानवका विश्वासका साझा चौतारी हुन् । उनले देवलाई वरदान दिए र दानव तथा पिशाच आदिलाई पनि वरदान दिए । शिवको परिवारका जन्मजात विरोधी स्वभावका प्राणीहरू पनि शिवको प्रतापमा प्रेमपूर्ण तवरबाट निवास गर्दछन् । शिवको परिवारले प्रयोग गरेका सबै वाहन आ-आफ्ना वैरभावलाई हटाई सहयोग एवंम् सद्भावमा परिणत गर्न सफल पशुप्रेमी र वातावरणप्रेमी छन् । स्वयम् उनको परिवार भित्र कार्तिकेय र गणेश संस्कृतिविचको अनेकतालाई सृष्टिको रक्षाका लागि एकताम्य बनाएर लगेका छन् । जुन अविश्मरणीय छ । शिवको आदर्श र समन्वयकारी परिवार आज प्रत्येक परिवार एवंम् समाजका लागि ग्राह्य छ । वर्तमान परिवार, समाज र राष्ट्रमा यही सद्भाव, सौहार्दता एवंम् समन्वयको आवश्यकता महसुस गरिएको छ । शिवलाई अलौकिक संसारबाट लौकिक संसारसम्म आइपुग्दा क्रान्तिकारी र समाजवादी चिन्तक र अभियन्ताको रूपमा चिनिन्छ। उनले अपनाएकामान्यताले देव मण्डलभित्र हुने छलकपट, अधिकारको अभिलाषीलाई र अरूको अस्तित्वलाई स्वीकार नगर्नेलाई सम्पत्ति र वैभवको विपरीत त्याग प्रहार गरेका छन् । उनको अद्भूत स्वरूपले मानव समाजको स्वतन्त्रता, समानता र धर्मको मार्गमा डोऱ्याउन तथा सृष्टिको सन्तुलन कायम गर्न यथार्थवादी विचार आवश्यक भएको बताएका छन् । उनमा भएका कष्ट, सहिष्णुता, दृढ सङ्कल्पित, धर्यशीलता, आत्मनिष्ठा र अखण्ड साधना मानव जातिका अमूल्य प्रेरणाका स्रोत हुन् । शिव स्वरूपको आरोह अवरोहमा आफूलाई कहिँकतैबाट आभूषण र अलङ्कारबाट विभूषित गरेनन् । देवत्वको कुलीनताले कहिँ कतैबाट छुन सकेको देखिँदैन । उनीद्वारा निर्देशित ज्ञानका किरणहरू मौलिकता, नवीनता र प्रगतिशील विचारले ओतप्रोत छन् । जहाँ विभेदको कुनै भौगोलिक, सामाजिक र सांस्कृतिक सीमाना र सांसरिक वैभव देखिँदैन । जटा, जुट, भष्म, वनस्पति, श्मशान, सर्प, नन्दी आदि सरल साधनका रूपमा परिचित प्रतीकहरू हाम्रा समाजका अभिन्न प्रारूप हुन् । मानवताको अनन्त यात्रामा शिवत्व प्राप्त गर्ने सबैभन्दा सरल, सुलभ लोकमार्ग नै शिवभक्ति हो । विनाशबाट नै त नयाँ सृजना हुने र सृजनाको लागि खाली ठाउँ तयार गर्नुपर्ने हुन्छ । तसर्थ शिव सृष्टिको सृजनकर्ता मात्र होइनन् उनी संहारकर्ता पनि हुन् । उनको स्वरूपमा आगो र पानी सँगै, अमृत र विष सँगै, सर्प र मुसा सँगै, बाघ र साँडे सँगै, भष्म र भूत आदि एक अर्कोका प्रतिस्पर्धी भएर पनि तिनीहरूको अस्तित्वलाई स्वीकार गर्दै उचित व्यवस्थापन गरेका छन् । शिव सबै हुन्, अछुत, दलित, बञ्चित, विपन्न आदि सबैका हुन् । एक पत्थर, एउटा बेलपत्र, एक अञ्जोरा पानी, दूध, भष्म, आदि र धुनी, श्मसान र मन्दिर जहाँ जसरी बसेर गरे पनि हुने अति सरल शिव पूजा, विचार र चिन्तनलाई शुद्ध समाजवादी व्यवहारको रूपमा लिन सकिन्छ । उनले एक अर्ध नारीश्वर बनेर नारी पुरुषको समानताको सिद्धान्तलाई सृष्टिमा सृजना गराए । पुत्र पुत्रीमा भेद उचित होइन् । नारी जीवनदायिनी हुन् र जननी पनि हुन् । एउटी नारीले विवाहपश्चात दुई कुल दुई समाजको जोड्दछिन् । परिवार र समाजमा छोरालाई जति सम्मान र सत्कार गरिन्छ त्यति छोरीलाई पनि प्राप्त हुनुपर्छ । मानव सभ्यताको सुरुआतसँगै शिवले अस्थिर मनलाई स्थिर बनाउनका लागि योगको प्रारब्ध गरे । उनले संसारका हरेक वस्तुलाई प्रयोग र उपयोगसिद्धान्तमा राखेरव्यवहारमा उतारेका देखिन्छन् ।

शिव वैराग्यको प्रतीक पनि हुन् । उनमा कुनै आशक्ति छैन । आशक्ति हुनेहरू स्वर्गमा बस्दछन्, विलासिता र भोगको चरम उपयोग गर्दछन् । शिव अनुकूल र प्रतिकूल दुवै परिस्थितिमा पनि हिमालय र श्मसानमा बसेर सदैव सृष्टि र मानवकल्याणमा समर्पित भए । उनले संसारमा विभिन्न रूप र शैलीमा जीवन व्यतित मात्र गरेनन् जीवनको नयाँ व्याख्या, पृथ्वीको जल, अग्नी, वायु, वनस्पतिलाई जीवनको आवश्यकतासँग जोडेर आवश्यकता र उपयोगीतामा प्रशिक्षण प्रदान गरी एउटा नयाँ अनुभवको निष्कर्ष प्रस्तुत गरे । कला साहित्य, शिल्प, मनोविज्ञान, विज्ञान, शिक्षाका साथै साधनाको नियमलाई समेत निश्चित गरिदिए । शिवले सबै धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थको सार्थकतालाई मानव समुदायमा स्थापित गरे । हामीले शिवको समग्र जीवन प्रकृयालाई सूक्ष्म रूपको अध्ययनपश्चात उनले हरेक चीजको उपयोग, प्रयोग र स्वीकार गरेको पाउँछौं । यही नै उनको जीवनको विशेषता हो । उनलाई एउटै कालखण्डमा कयौं रूप र स्वरूपको मिलन बिन्दुको रूपमा पाउन र मान्न सकिन्छ।

**महाशिवरात्रि:**

शिव पुराणअनुसार कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि गरी चार रात्रि मध्ये शिवरात्रि एउटा महत्वपूर्ण रात्रिको रूपमा वर्णन गरिएको छ । सम्पूर्ण दीन दुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीहरूको हृदयमा धर्मको भावना उदय गराउने शिवको अति प्यारो दिन हो, शिवरात्रि । यस पर्वको पालनाले भोग र मोक्ष दुवै प्राप्ति हुन्छ भन्ने विश्वास र यस पर्वमा उपवास बसी " ॐ नमः शिवायः " मन्त्रको उच्चारण गरेमा सर्वसिद्धि लाभ प्राप्त भई यमलोक जानु नपर्ने धार्मिक विश्वास रहेको छ । आध्यात्मिक मार्गमा हिँड्ने साधक, आम मानिसहरू जो घर गृहस्थमा छन् वा संसारमा केही गर्ने महत्वकाङ्क्षा बोकेका छन् ती सबैका लागि विशेष महत्वका दिनका रूपमा शिवरात्रि पर्वलाई लिइन्छ । आम घर गृहस्थमा रहेकाहरू शिव पार्वतीको वैवाहिक वर्षगाँठ रूपमा यस दिनलाई मान्छन् । सांसारिक महत्वकाङ्क्षा हुने मानिसहरू शिवले आफ्ना शत्रुलाई परास्त गरेको दिनको रूपमा स्मरण गर्दछन् । तपस्वी तथा साधकहरू शिव कैलाश पर्वतमा विलीन भएको दिन र स्थिरताको रातको रूपमा यस दिनलाई लिन्छन् । पौराणिक मान्यतामा समुद्र मन्थनबाट निस्केको कालकुट विषको सेवन गरेर शिवले सृष्टिलाई बचाएका र शिव आफ्नो शिवलिङ्ग स्वरूपमा प्रकट भएका र भगवान ब्रह्मा र विष्णुले विधिपूर्वक सर्वप्रथम पूजा-अर्चना गरेका हुँदा त्यस दिनदेखि आजसम्म शिवरात्रिको दिन भगवानका रूपमा शिवको पूजा हुँदै आएको मान्यता छ । हिन्दू सनातन धर्मभित्र हरेक चाड र पर्वका आफ्नै विशेष महत्व रहेको हुन्छ । हरेक पर्व मनाउनुको पछाडि आध्यात्मिक तथा वैज्ञानिक महत्व रहेको देखिन्छ । वास्तवमा महाशिवरात्रि पर्व पौराणिक पर्व मात्र होइन यो एक वैज्ञानिक महोत्सव पनि हो । यसको आफ्नै वैज्ञानिक आधार र सत्यता रहेको छ । हाम्रो शरीर ब्रह्माण्ड र धर्तीको अंश भएको कारणले गर्दा यस दिन हाम्रो शरीरलाई सीधा राखेर योगको मुद्रामा बस्यौं वा अभियौं भने हामीलाई शिवको उर्जा प्राप्त हुन्छ भन्ने विश्वास छ । यस रातमा अत्याधिक ऊर्जाको प्रवाह हुने भएको हुँदा महाशिवरात्रि पर्वलाई जागृति अथवा चेतनाको रातको रूपमा चिनिन्छ । शिवरात्रि पर्व शिव र शक्तिको संगमको एउटा पर्व हो । यो पर्वले केवल साधकको इन्द्रियहरूलाई नियन्त्रण गर्न मद्दत मात्र गर्दैन, बरू क्रोध, ईर्ष्या, अभिमान र लालचा जस्ता भावनालाई नियन्त्रणमा राख्न नयाँ ऊर्जालाई सञ्चार गराउँछ । शिवरात्रि पर्व शून्यताको शिखरलाई छुने परमरात्रि हो, जहाँबाट उद्घाटित हुन्छ शिव तत्व । शिवरात्रि एउटा अवसर वा सम्भावनाको रात हो । यो केवल जाग्ने बस्ने रात नबनोस् । यो रात तपाइँहरूका जीवन र चैतन्यको लागि जागृतिको रजनी बनोस् । यस पावन अवसरमा सबै अनुगामीहरूमा हार्दिक मङ्गलमय शुभकामना । (विभिन्न स्रोतमा आधारित भएर)

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाव | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वस्थ्यमा सुधार |
| सिंह | : व्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# रमदान ब्रतमा सहयोग पुऱ्याउन खाद्यान्न वितरण

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन



मुस्लिम समुदायको महान संस्कृति एक महिने रमदान(ब्रत) मा सहयोग पुऱ्याउने लक्ष्यका साथ समाजसेवी जमिर हुसेन र सफर नेपाल ट्राभल्स एण्ड टुर प्रा.लि.का तर्फबाट खाद्यान्न सहयोग गरिएको छ।

रुपा गाउँपालिका वडा नं ६ रुपाकोट मुस्लिम समाजमा बसोबास गर्ने विपन्न वर्गका ४० घर परिवारलाई खाद्यान्न वितरण गरिएको हो । सामाजिक उत्तरदायित्व बहन गर्दै मुस्लिम समाजमा सहयोग गरिएको बताउँदै समाजसेवी हुसेनले यस किसिमका सहयोगलाई आगामी दिनमा पनि निरन्तरता दिने बताउनुभयो ।

# बसाइँसराइले उजाडिएको गाउँमा रमाइरहेका पौडेल दम्पती

पोखरापत्र संवाददाता
बागलुङ, २५ फागुन

वरपरका छछिमेकी बसाइँसराइ गरेर कोही चितवन, कोही गैँडाकोट त कोही पोखरा गएका छन् । दिनप्रति दिन गाउँ सुनसान बन्दै छ । गाउँमा भएका युवा दिनहुँ विदेश पलायन भइरहेका छन् । घरमा भएका छोर छोरी पनि पढाइका लागि बजार झर्न थालेका छन् । सेवासुविधाको खोजीमा गाउँले तराई झर्न थालेपछि बागलुङको जैमिनी नगरपालिका-४ सर्कुवा गाउँ सुनसान बन्न थालेको छ।

सुनसान बन्दै गएको गाउँमा स्थानीय बाबुराम पौडेल र उहाँकी श्रीमती मायादेवी पौडेल भने व्यावसायिक मौरीपालनमा रमाई राख्नुभएको छ । बसाइँसराइले उजाड बन्न थालेको गाउँमा व्यावसायिक बन्दै गएका पौडेल दम्पतीलाई बसाइँसराइ गर्नुभन्दा गाउँमै उद्यमी बन्नु ठिक लाग्यो । अहिले उहाँहरू धेरैका लागि प्रेरणाको स्रोत बन्नुभएको छ । पौडेलले ताईमा घडेरीसमेत जोड्नु भएको छ । गाउँमा जस्तो स्वच्छ हावापानी र वातावरण नहुँने हुँदा बसाइँसराइ नगरेको बाबुरामले बताउनुभयो । उहाँको घरको बार्दली, कौसी, छानो र पिँढीभरि मौरीका घार छन् । घारमा मौरीले रस बनाइरहेका छन् । आधुनिक प्रविधि अपनाएर मौरीपालनमा लाग्नुभएका पौडेल दम्पतीले तरकारीसँगै सुन्तला खेती पनि गर्दै आउनुभएको छ।

बाबुराम आफैँले आधुनिक मौरीको घार बनाउने हुँदा हरेक वर्ष हजारौँको खाली र मौरीसहितका घार बिक्री हुने गरेको उहाँले बताउनुभयो। हातमा सीप र जाँगरले गर्दा सुनसान गाउँमा बाबुराम सफल उद्यमीकारूपमा चिनिनुहुन्छ । पौडेलले बारीमा दुई वटा हाइटेक टनेल बनाएर मौसमी तथा बेमौसमी तरकारीखेती गर्दै आउनुभएको छ । पाँच वर्ष अगाडि लगाएका एक सय बोट सुन्तलाले पनि अहिले उत्पादन दिन थालेका बाबुरामले बताउनुभयो । मौरीपालनलाई मुख्य पेसा बनाएको भन्दै लोकल कुखुरा, दूध, घ्युका लागि भैँसीसमेत पालन गरेको उहाँको भनाइ छ । गाउँमा थुप्रै छिमेकी धमाधम बसाइँसराइ गरे पनि यहाँ अवसर धेरै भएकाले गाउँ छोड्न नसकेको बाबुरामले बताउनुभयो। दश वर्ष अगाडि साथीभाइको लहलहैमा मलेसिया पुगेर २२ महिना दुःख गरेको सुनाउँदै सङ्घर्ष गरे घरमै पनि प्रशस्त कमाइ गर्न सकिने उहाँको भनाइ छ। घरमा पहिले बाउबाजेको पालादेखि दुई/चार घार मौरी पाल्दै आएको बताउँदै बाबुरामले अहिले आधुनिक तरिकाले व्यावसायिकरूपमा लागिएको जानकारी दिनुभयो । "गाउँमा काठ जति पनि पाइन्छ, हातमा सीप भएकाले मौरीको घार आफैं बनाउँछु । पहिले मुडे घारमा मौरी पाल्ने चलन थियो, अहिले सबै आधुनिक घारमा राखेका छौं", बाबुरामले भन्नुभयो, "विदेश २२ महिना बसेर आएपछि स्वदेशमै केही गरौं भन्ने लागेर व्यावसायिक मौरीपालन सुरु गरको हुँ । अहिले प्रशस्त आम्दानी भइरहेको छ ।"

आफूले मौरीपालन सुरु गर्दा कुनै तालिम नलिएको बताउँदै बाबुरामले व्यवसाय सुरु गरेको धेरै वर्षपछि मौरी विकास केन्द्र गोदावरीबाट तालिम लिएको जानकारी दिनुभयो । झण्डै डेढ दशकदेखि मौरीपालन गर्दै आए पनि आठ वर्ष अगाडि मात्रै फर्म दर्ता गरेर व्यवसायलाई व्यवस्थित गरेको उहाँको भनाइ छ । पौडेलले हाल ४० घार मौरी पाल्नुभएको छ । गत वर्ष एक सय घार मौरी रहेकामा केही बिक्री गरेको र २० घार बचेका उहाँको भनाइ छ । पोहोर साल धेरै घार मौरी अपरिचित रोगले मर्दा झण्डै रू पाँच लाख नोक्सानी व्यहोर्नु परेको बाबुरामले बताउनुभयो । पौडेल दम्पतीले मौरीपालनबाटै दुई छोराछोरीलाई पोखरामा पढाइ राख्नुभएको छ । छोरीले आइटी इन्जिनियर र छोराले कम्प्युटर विज्ञान पढिरहेका छन् ।

पौडेलकी पत्नी मायादेवी बिहान सबेरै उठेदेखि साँझसम्म मौरीको हेरचार र बारीमा रहेका सुन्तला, टनेलमा गोडमेल र पानी लगाउने काम गर्नुहुन्छ । उहाँहरूले आफ्नो जग्गा कतै पनि बाँझो राख्नुभएको छैन । बारीमा बाँझो जमिनमा लम्सी र फलफूलका बिरुवा लगाउनुभएको छ । जमिनलाई उपयोग गर्ने मान्यताले सबै ठाउँमा विभिन्न प्रजातिका वनस्पतिका बिरुवा लगाइएको मायादेवीले बताउनुभयो । गत वर्ष ४० घार मौरी बेचेकामा यस वर्ष भने कम भएको उहाँको भनाइ छ। दुई सिजनमा मौरीको घारबाट मह निकाल्ने हुँदा आम्दानी पनि राम्रो हुने मायादेवीले बताउनुभयो । उहाँहरूले हरेक वर्ष दुई क्विन्टल मह बच्ने गर्नुभएको छ। एक किलोलाई रू एक हजार पाँच सय देखि दुई हजारसम्ममा बिक्री हुँदा मेहनतको मूल्य पर्ने गरेको उहाँले सुनाउनुभयो । महको माग धेरै हुने भएकाले बजारको अभाव नभएको मायादेवीले बताउनुभयो। यस वर्षदेखि सुन्तला उत्पादन हुन थालेपछि पहिलो पटकमा रू ७० हजार बढीको बिक्री भएको उहाँले जानकारी दिनुभयो । तरकारीबाट पनि विस्तारै आम्दानी हुन थालेको भन्दै गाउँको माया र माटोप्रतिको सम्मानले गर्दा अन्त बसाइँ सर्न मनले नमान्ने उहाँले बताउनुभयो । गाउँमा सामान्य कृषि गर्नेले राज्यबाट पाउने अनुदान सहजै प्राप्त गरिरहेका भन्दै आफूहरूले निरन्तर यही काम गर्दै आए पनि सहयोग पाउन नसकेको बाबुरामले दुखेसो पोख्नुभयो । टाढाबाटाले मात्रै अनुदान पाउने तर वास्तविक किसानले नपाउने उहाँको भनाइ छ । "मलाई यहाँ भएको कुनै पनि बारी बाँझो राख्न मन लाग्दैन, गाउँमा हरेक दिन खेतीयोग्य जमिन बाँझो बन्दै गएका छन् । मकै, गहुँ खेती गर्दैनौं", मायादेवीले भन्नुभयो, "फलफूल र तरकारीखेती तथा मौरीपालनलाई निरन्तरता दिएका छौं । मौरीले बारीबाट रस लिन्छन् । मौरी, बोट बिरुवा र माटोसँग खेल्न निकै आनन्द लाग्छ।"

# पर्वतको गुप्तेश्वर र अलपेश्वर गुफामा भक्तनको घुइँचो

पोखरापत्र संवाददाता
पर्वत, २५ फागुन

हिन्दूहरूको महान् पर्व महाशिवरात्रिको अवसरमा पर्वतका शिवालयमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको छ।

प्रसिद्ध पर्यटकीय तथा धार्मिकस्थल गुप्तेश्वर गुफा र अलपेश्वर गुफालगायत जिल्लाका शिवालयमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको हो । सदरमुकाम कुश्माबजारसँगै रहेको गुप्तेश्वर गुफाको दर्शन र गुफाभित्र रहेको शिवलिङ्गको पूजा गर्न बिहानैदेखि भक्तजनको भीड लागेको हो । गुफामा दर्शन र पूजा गर्नका लागि पर्वतका गाउँगाउँबाट सर्वसाधरण आएका छन् भने छिमेकी जिल्ला बागलुङ, कास्की र म्याग्दीबाट समेत ठूलो सङ्ख्यामा भक्तजन आएका छन् । गुफामा दर्शन गर्ने र भजनमा नाचगान गर्ने पनि प्रशस्त छन् । गुप्तेश्वर गुफामा पार्वतीले महादेवलाई पतिको रूपमा पाऊँ भनी व्रत बसेको र भगवान् शिव गुप्त रहेको धार्मिक विश्वास रहिआएको छ । पार्वती पर्वतकै पाङ्मा जन्मेकी र गुफामा व्रत बस्ने तथा कालीगण्डकीमा स्नान गर्ने गरेको भनाइ पाइन्छ । एक किलोमिटर लामो गुफामा देवीदेवताका दर्जनौं आकृति छन्। यसैगरी कुश्मा नजिकै वडा नं ९ कटुवाचौपारीमा रहेको अलपेश्वरगुफामा पनि दर्शनार्थीको भीड लागेको छ । शिवरात्रिको अवसरमा यहाँ विशेष मेलाको आयोजना गरिएको छ । पर्वत, कास्की र स्याङ्जाको सिमानामा पर्ने पञ्चासे, डहरे, दक्षिण पर्वतको सेतीवेणीमा रहेको विश्वकै ठूलो शालिग्राम शिला, महाशिलामा रहेको एसियाकै ठूलो दाबी गरिएको महाशिला क्षेत्र, ठूलीपोखरीमा रहेको बाटुलेचौरलगायतका शिवालय मन्दिरमा भक्तजनको बिहानैदेखि मेला लागेको छ। पछिल्लो समय भेटिएको पाङ्को पार्वती गुफा, देउपुरको शिवालय गुफा र चुवाको लालेश्वर गुफामा पनि मेला लागेको स्थानीयले जानकारी दिएका छन् ।

# शिवरात्रीको अवसरमा संस्कृत माविमा शिवपूजन, सम्मान तथा छात्रवृत्ति वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

शिवरात्री पर्वको पावन अवसरमा संस्कृत मा.वि. भीमकालीपाटनस्थित यस क्षेत्रकै अग्लो तथा ठूलो ज्ञानेश्वर शिवपाञ्चायन मन्दिरमा आज विधिपूर्वक विशेष शिव पूजन, सम्मान तथा छात्रबृत्ति वितरण गरिएको छ ।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नं १ ले संस्कृत माविमा अध्ययनरत १७ जना विपन्न विद्यार्थीहरुलाई सुनौलो शिक्षा अन्तर्गत जनही पाँच हजार रुपैयाँका दरले ८५ हजार रुपैयाँ एवम् अन्य अक्षयकोषदाताहरुबाट प्राप्त छात्रवृत्ति रकम ३९ जनालाई गरी जम्मा ५६ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको हो ।



कार्यक्रममा विद्यालयका सहयोगदाताहरु जवाहरलाल श्रेष्ठ, टंकनाथ पौडेल, ईश्वरीप्रसाद बास्तोला, चक्रपाणिसुवेदी,कल्पनाआचार्य बास्तोला, क्याप्टेन हितकाजी गुरुङ, ओमकार श्रेष्ठ, हिमचुली पराजुली, जमुना शाही ठकुरी, एन प्याब्सन कास्कीका राजु केसी, गणेशप्रसाद सुवेदी, भगवती बञ्जरा लगायतलाई सम्मान गरिएको थियो । त्यस्तै शिक्षक गोविन्दप्रसाद अधिकारीलाई उत्कृष्ट शिक्षक, देवी नेपालीलाई उत्कृष्ट कर्मचारी र विद्यार्थी सौरभ पौडेललाई विशेष प्रतिभाशाली विद्यार्थीका रुपमा सम्मान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं १ का वडाध्यक्ष शाहारा प्रधानले संस्कृत मावि यस क्षेत्रकै पहिचान र ईतिहास भएता पनि हालसालै मात्रै चर्चामा आउन थालेको बताउनुभयोल ।

विद्यालयको सर्वाङ्गिण विकासमा बर्तमान व्यवस्थापन समितिको योगदान विशिष्ट रहेको उल्लेख गर्दै उहाँले विद्यालयको वृत्तिविकासमा महानगरपालिकाको समेत ध्यान जाने बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद अधिकारीले स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकारको साथ र सहयोग लिएर विद्यालयलाई गुणस्तरीय संस्कृत शिक्षाको केन्द्रका रुपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद अधिकारीको अध्यक्षता एवम् पोखरा महानगरपालिका वडा नं १ का वडाध्यक्ष शाहारा प्रधानको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा सहायक प्रधानाध्यापक कलादेवी बराल, प्रधानाध्यापक श्रीकृष्ण सिग्देल, जग्गादाता माधव पराजुली, एन प्याब्सन कास्कीका कोषाध्यक्ष राजु केसी, सहयोगदाताहरु हितकाजी गुरुङ, जवाहरलाल श्रेष्ठ, राष्ट्रिय मा.वि. का व्यवस्थापन समितिका अध्यक्ष रामविक्रम राणा, पोखरा महानगरपालिका वडा नं २ का सदस्य गोमा सुवेदी लगायतले बोल्नुभएको विद्यालयका सूचना अधिकारी श्रीकान्त सापकोटाले जानकारी दिनुभयो ।

# छेम्दीमा 'एक घर, एक धारा' राष्ट्रिय समाचार समिति

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ फागुन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको छेम्दी टोलमा 'एक घर, एक धारा' सहितको खानेपानी आयोजना निर्माण भएको छ ।

गोर्खा वेयलफेयर ट्रष्टको आर्थिक र प्राविधिक सहयोगमा स्थानीय उपभोक्ताले श्रमदान गरेर खानेपानी तथा सरसफाइ आयोजना निर्माण गरेका हुन् । मुलपानी र लट्टेखोरीयाको मुहानबाट पानी ल्याएर घरघरमा धारा बनाएर वितरण गरिएको कार्यवाहक वडाध्यक्ष श्याम पुर्जाले जानकारी दिनुभयो । उहाँका अनुसार आयोजनाबाट छेम्दी टोलका ७२ घरधुरी लाभान्वित भएका छन् । धारामा मिटरसमेत जडान गरिएको छ । यसअघि छेम्दीवासीले सार्वजनिक धारा र मुहानबाट निजी लगानीमा पाइप जडान गरेर खानेपानी उपभोग गरेका छन् । घरमै भएको निजी धारामा नियमित खानेपानी वितरण भएपछि समयको बचत र सहज भएको स्थानीयवासी देउमन पुर्जाले बताउनुभयो । खानेपानी सुविधाले स्थानीयवासीको दैनिकी परिवर्तन भएको छ । गत मङ्सिर महिनादेखि सुरु भएको आयोजना बिहीबार सम्पन्न भएपछि पानी वितरण गर्न थालिएको हो । कूल रु ६४ लाख ६६ हजार ६८ लागत अनुमान गरिएको आयोजना निर्माणमा उपभोक्ताले रु २२ लाख ३५ हजार ७२८ बराबरको श्रमदान गरेका गोर्खा वेयलफेयर ट्रष्टका प्राविधिक देवी थापा मगरले बताउनुभयो । पाइप, सिमेन्ट, रड, फिटिङलगायत निर्माण सामग्री उपलब्ध गराएको ट्रष्टले आयोजना निर्माणस्थलमा एक जना प्राविधिक नियमितरुपमा परिचालन गरेको थियो । गोर्खा वेयलफेयर ट्रष्टको सहयोगमा अन्नपूर्ण गाउँपालिका-६माखिवाङ र वडा नम्बर-३ को काभ्रेमा पनि खानेपानी तथा सरसफाई आयोजना निर्माणको अन्तिम चरणमा छ । खिवाङमा १४२ र काभ्रेमा ७५ घरधुरी लाभान्वित हुने प्राविधिक गुरुङले बताउनुभयो । गोर्खा वेयलफेयर ट्रष्टको सहयोगमा गत वर्ष अन्नपूर्ण गाउँपालिका-४ को पटारमा निर्माण भएको खानेपानी आयोजनाबाट २९ घरधुरी, वडा नम्बर-३ को दाना बजारमा ५१ र दुवारीमा-२६ घरमा निजी धारा जडान गरेर खानेपानी वितरण गरिएको थियो ।गोर्खा वेल्फेयर ट्रष्टले अन्नपूर्ण गाउँपालिकाको दश वर्षे खानेपानी सरसफाइ तथा स्वच्छता योजना पनि तयार पारेको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले जानकारी दिनुभयो । खानेपानी विभागको मापदण्डअनुसार अन्नपूर्णका सतप्रतिशत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउन २२ थप आयोजना निर्माण गर्नुपर्ने योजनामा उल्लेख छ ।

# तल्लो सेतीको अनुसन्धनात्मक अडिट सुरुङका लागि सम्झौता

**पोखरापत्र संवाददाता**
दमौली, २५ फागुन

तनहुँमा हाइड्रोपावर लिमिटेडले निर्माण गर्न लागेको एक सय २६ मेगावाटको तल्लो सेती आयोजनाअन्तर्गत अडिट सुरुङका लागि सम्झौता भएको छ ।

तल्लो सेती जलविद्युत् आयोजनाको तीन सय ७५ मिटर लामो अनुसन्धनात्मक अडिट सुरुङ निर्माणका लागि बिहीबार निर्माण व्यवसायी आरके इन्जिनियरिङ एण्ड एशोसिएटससँग खरिदसम्बन्धी सम्झौता भएको हो ।

लिमिटेडले एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो । आयोजनाका तर्फबाट प्रबन्ध सञ्चालक श्रेष्ठले उक्त सम्झौतामा हस्ताक्षर गर्नुभयो ।

आयोजनाका लागि भौगर्भिक अवस्था परीक्षणका लागि अनुसन्धनात्मक अडिट सुरुङ निर्माण गर्न लागिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । "आयोजना सुरु गर्नुपूर्व विभिन्न चरणका परीक्षण हुन्छन्", उहाँले भन्नुभयो, "तल्लो सेतीको मुख्य पानी लैजाने हेडरेस टनेल छ दशमलव सात किलोमिटरको रहनेछ । त्यसका लागि परीक्षण गर्न अडिट सुरुङ बनाउन लागिएको हो ।" अनुसन्धानका लागि निर्माण गरिने उक्त सुरुङ निर्माण सुरु भएपछि अन्य काममा प्रयोग गर्न सकिने भण्डारीको भनाइ छ । डेढ वर्षभित्र उक्त सुरुङ निर्माण गरिसक्ने योजनाअनुसार काम थालिएको उहाँले बताउनुभयो । तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न जग्गा प्राप्तिका लागि तयारी सुरु भएको छ । जग्गा प्राप्तिका लागि ऊर्जा मन्त्रालयमा आवश्यक कागजात पठाइएको र मन्त्रिपरिषद् बाट निर्णय हुन बाँकी रहेको आयोजना प्रमुख भण्डारीले बताउनुभयो । उहाँका अनुसार विस्तृत वातावरणीय अध्ययन प्रभाव मूल्याङ्कन (इआइए) पनि स्वीकृतिको चरणमा छ । भण्डारीले भन्नुभयो, "आयोजना निर्माणका लागि जापानको जाइकाका तर्फबाट स्थलगत अध्ययन भएको छ । जाइकासँग सकारात्मक छलफल भएको छ ।" उक्त जलविद्युत् आयोजनामा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र एसियाली विकास बैंक (एडिबी) ले लगानीका लागि चासो दिएको आयोजना प्रमुख भण्डारीले जानकारी दिनुभयो । आयोजनाको लागत रु २५ अर्ब अनुमान गरिएको छ ।

तनहुँ जलविद्युत् आयोजनाको एक सय ४० मिटर अग्लो कङ्क्रिट बाँधबाट प्राप्त हुने सेती नदीको 'रेगुलेटेड' प्रवाह तथा मादी नदीको थप प्रवाहसमेतप्रयोगगर्नतल्लोतटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको आयोजना कार्यालयले जनाएको छ । आयोजना निर्माणका लागि विस्तृत अध्ययन सकिएको छ । विस्तृत अध्ययनका लागि विज्ञ समूह नियुक्त गरी काम अगाडि बढाइएको थियो । परामर्शदाताले पेस गरेको विस्तृत डिजाइन प्रतिवेदन (डिपिआर) पुनरावलोकनका लागि नियुक्त तीन सदस्यीय अन्तर्राष्ट्रिय विज्ञ समूहले विसं २०७८ असार २३ गते डिजाइन पुनरावलोकन प्रतिवेदन बुझाइसकेको छ । कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिसमेत प्राप्त गरिसकेको छ । साथै दातृ निकाय एडिबीबाट प्राप्त करिब तीन दशमलव पाँच मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइन तथा बोलपत्रसम्बन्धी काजगात तयार गर्ने परामर्श सेवा खरिदका लागि वाप्कोस भारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २९ गते खरिद सम्झौता भएको थियो ।

आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ । पानीको प्रवाहलाई देवघाट-३ र ४ हुँदै छ दशमलव आठ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको सङ्गमबाट करिब पाँच सय मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्ध भूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको आयोजना प्रमुख भण्डारीले जानकारी दिनुभयो ।

आयोजनाबाट बन्दीपुर-६, व्यास नगरपालिका-१३ र १४, देवघाट-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६, भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुनेछन् ।

देवघाट-४ गाइघाटमा अर्धभूमिगत विद्युत्गृह निर्माण गरी विद्युत् उत्पादन गरिने छ । उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको दुई सय २० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिने भण्डारीको भनाइ छ । यसका लागि करिब दुई किलोमिटर प्रसारण लाइनको निर्माण गर्नुपर्ने उहाँले जानकारी दिनुभयो ।

अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किलोमिटर लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात् बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुने छ । आयोजनाबाट वार्षिकरूपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुने आयोजना कार्यालयले जनाएको छ ।

# सामूहिक खेतीबाट आत्मनिर्भर बन्दै महिला

**पोखरापत्र संवाददाता**
मनाङ, २५ फागुन

हिमाली जिल्ला मनाङका महिला सामूहिक खेतीमा आकर्षित भएका छन् । नासो गाउँपालिका-१ तालगाउँका महिला सामूहिक खेतीबाट आत्मनिर्भर बन्दै गएका हुन् ।

जिल्लामा आलुलाई प्रमुख खेतीका रूपमा मानिने भएकाले व्यावसायिक आलु उत्पादनबाट यहाँका महिला आत्मनिर्भर बन्दै गएका स्थानीय तिरकाशी घलेले बताउनुभयो । "जग्गा भाडामा लिएर सामूहिक आलुखेती गर्न थालेका छौँ", उहाँले भन्नुभयो, "एघार जना महिलाको समूह बनाएर १० रोपनी जग्गामा खेती गरिरहेका छौँ ।" सामूहिक खेतीले आलु आयात गर्नुपर्ने अवस्थाको अन्त्य हुने आशा गरिएको उहाँको भनाइ छ । "यहाँ आलुखेती प्रशस्त हुने भएकाले यसतर्फ आकर्षित भएका हौँ । उत्पादन हुन थालेपछि आलुको बजारमा माग पनि बढिरहेको छ । उत्पादित आलु यहीँ खपत भइरहेको छ", स्थानीय घलेले भन्नुभयो । जिल्लाका अन्य क्षेत्रमा पनि सामूहिक खेती गर्न सके यहाँ उत्पादित आलु बाहिर निर्यात गरेर आम्दानी बढाउन सकिने उहाँको भनाइ छ । किसान कान्छी गुरुङले एक्लैले काम गर्दा उत्पादन कम हुने भएकाले सामूहिकरूपमा काम थालिएको बताउनुभयो । "सामूहिक हुँदा साथीसँग काम र रमाइलो गर्दै आम्दानी पनि लिन सजिलो हुन्छ", उहाँले भन्नुभयो । मनाङमा उत्पादित आलुको माग ठूला सहरमा भइरहेको भन्दै गुरुङले मागअनुसारको उत्पादन हुन नसकेको बताउनुभयो । सामूहिक खेती सुरु गरेसँगै मनग्य आम्दानी हुन थालेपछि कृषि पेसाबाट पनि आत्मनिर्भर हुन सकिन्छ भन्ने सन्देश आमनागरिकमा पुर् याउन सकिएको उहाँको भनाइ छ । उहाँहरूजस्तै यहाँका महिला आलुखेतीमा आकर्षित भएका छन् । मनाङ पर्यटकीय क्षेत्र भएकाले उत्पादित आलु यही खपत हुने किसान बताउँछन् । बाहिरको मागलाई पूर्ति गर्न नसकिएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।

हिउँद लागेसँगै जाडो छल्न काठमाडौँ, पोखरालगायत सहर झरेका यहाँका किसान अहिले गाउँ फर्केर आलु रोप्नमा व्यस्त भएका नासो-५ का वडा सदस्य फूलमाया विकले बताउनुभयो । "यस वर्ष समयमा नै हिउँ परेकाले जमिन गलेको छ । अहिले खेतीका लागि समय पनि उपयुक्त भएकाले अधिकांश खेतीपातीमा व्यस्त हुन थालेका हुन्", उहाँले भन्नुभयो । गाउँ फर्किएर जौँ, गहुँ, आलु, उवा, करु, फापरलगायत खेती गर्न किसान व्यस्त हुन थालेका वडा सदस्य विकको भनाइ छ । नासोसँगै चामे गाउँपालिकामा आलु लगाउन भ्याइनभ्याइ भइरहेको उहाँले जानकारी दिनुभयो ।

वडा सदस्य विकले भन्नुभयो, "यस वर्ष समयमा नै हिउँ परेकाले कृषि पेसा गर्नेलाई सहज भएको छ । जमिन भिजेकाले सिँचाइको समस्या छैन । यतिबेला पालिकाभरिका किसान आलु रोप्न व्यस्त छन् ।" नासोका ओडार, तिल्चे, नाचै र ताचै, थोचे बढी आलु फल्ने क्षेत्र भएको नासो-५ का वडाध्यक्ष थुतेन लामाले बताउनुभयो ।

कृषि ज्ञान केन्द्रका अधिकृत घनश्याम गैरेले किसानलाई बारीमै गएर आलु रोप्ने तरिका सिकाएको बताउनुभयो । "कसरी आलु लगाउँदा बढी उत्पादन हुन्छ । मलको मात्रा, चिस्यानको अवस्था र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराएका छौँ", उहाँले भन्नुभयो ।गैरेका अनुसार यहाँ बढी उत्पादन हुने खेतीलाई ज्ञान केन्द्रले पनि प्राथमिकता दिँदै आएको छ । पालिका र ज्ञान केन्द्रको समन्वयमा कृषकलाई कृषि क्षेत्रमा प्रोत्साहन गर्न विभिन्न अनुदानको व्यवस्थासमेत गरिएको भन्दै यहाँका किसानलाई प्रोत्साहन गर्ने लक्ष्यका साथ काम भइरहेको उहाँले जानकारी दिनुभयो ।

# मुग्लिन-पोखरा सडक विस्तार : दमौलीका ५० घरधनीले बुझे मुआब्जा

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ फागुन

मुग्लिन-पोखरा सडक विस्तारअन्तर्गत तनहुँ सदरमुकाम दमौलीका ५० घरधनीले पहिलो किस्तावापतको मुआब्जा बुझेका छन् ।

सो क्षेत्रमा कूल ७० वटा घर भत्काउनुपर्नेछ । पहिलो किस्ता वापतको मुआब्जा बुझ्ने १३ घरधनीले आफैले घर भत्काउन सुरु गरेका छन् । पृथ्वीराजमार्ग सडकअन्तर्गत पूर्व र पश्चिम गरी दुई खण्डमा सडक विस्तार भइरहेको छ । हालको पूर्वी खण्डमा ५१ प्रतिशत र पश्चिम खण्डमा १७ दशमलव पाँच प्रतिशत भौतिक प्रगति भएको छ । डिजाइनअनुरुप सडक दायाँबायाँ २३/२३ मिटर चौडा हुनेछ । दमौली र डुम्रे बजार क्षेत्रमा छ लेनको सडक बन्नेछ । राजमार्गका न्य क्षेत्रमा भने चार लेनको सडक बनाइनेछ । आयोजनाको पूर्वी खण्डमा एकतर्फी ३२ किलोमिटर दूरीमा कालोपत्र गरिएको मुग्लिन-पोखराको पूर्वी खण्डका इन्जिनियर विष्णु पाण्डेले जानकारी दिनुभयो । उक्त सडकअन्तर्गत चार लेनको बाह्र किमी र दुई लेनको आठ किमी सडक कालोपत्र गरिएको हो । पूर्वी खण्डमा ४१ दशमलव सात किलोमिटर दूरी छ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । पूर्वी खण्डका लागि रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठेक्का सम्झौता भएको हो । उक्त खण्डको सम्पन्न गर्नुपर्ने म्याद विसं २०८१ वैशाखसम्म रहेको छ । कोभिडको समयमा निर्माण स्थगित भएपछि नेपाल सरकारबाट छ महिना म्याद थप गर्ने प्रक्रियामा रहेको उहाँले बताउनुभयो । त्यसैगरी पश्चिम सडक खण्डअन्तर्गत दुई लेनको सडकमा साढे पाँच किमी दूरीमा अस्फाल्ट प्रविधिको कालोपत्र कार्य गरिएको छ । उक्त सडक खण्डअन्तर्गत तनहुँको जामुनेदेखि पोखराको सेतीपुलसम्म ३८ दशमलव ८८ किलोमिटर दूरी रहेको छ । उक्त खण्डमा सडक विस्तार तथा स्तरोन्नति कार्य चीनको यनहुई काइयुन हाइवे एन्डब्रिज कम्पनीले ठेक्का पाएको छ । पश्चिम खण्डका लागि रु सात अर्ब ४० करोड ४६ लाख ८१ हजारमा ठेक्का सम्झौता भएको मुग्लिन-पोखरा सडक आयोजना (पश्चिम खण्ड) का इन्जिनियर नारायण पौड्यालले जानकारी दिनुभयो । विसं २०७८ भदौदेखि काम सुरु भएको यस खण्डको काम २०८१ भदौ १२ मा सम्पन्न गर्नुपर्ने सम्झौता रहेको छ ।

# नारी दिवस: दमौलीमा महिला उद्यमी व्यापार प्रदर्शनी मेला

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ फागुन

तनहुँको दमौलीमा पहिलो पटक महिला उद्यमी व्यापार प्रदर्शन एवं प्रवर्द्धन मेला हुने भएको छ ।

अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर जिल्लास्थित महिला उद्यमी सङ्घ नेपालले आजदेखि २७ गतेसम्म व्यापार प्रदर्शन एवं प्रवर्द्धन मेला गर्न लागेको हो । महिला उद्यमीले उत्पादन गरेका सामग्री बिक्री वितरण गर्ने उद्देश्यसहित मेला गर्न लागिएको सङ्घकी अध्यक्ष निर्मला मल्लले जानकारी दिनुभयो । महिला उद्यमीले उत्पादन गरेका सामग्री बजारीकरणमा मेलाले सहयोग पुऱ्याउने उहाँको भनाइ थियो ।

अध्यक्ष मल्लले भन्नुभयो, "परम्परागत सीप र पेसालाई प्रवर्द्धन गर्न र स्थानीयस्तरमा उत्पादन भएका विभिन्न वस्तु बिक्रीका लागि मेला सहयोगी हुने विश्वास लिएका छौँ । यसले महिला उद्यमीलाई थप प्रोत्साहन हुनेछ ।" उहाँका अनुसार मेलामा ५० स्टल रहने छन् । मेलामा होजियारी, हस्तकला, कृषिजन्य सामग्री बिक्री वितरणका स्टल रहनेछन् । बाहिरबाट खरिद गरेर ल्याइएका सामग्री बिक्री वितरण गर्न नपाइने र स्थानीय स्तरमै उत्पादित वस्तुमात्रै बिक्री गर्न पाइने मेला आयोजकको भनाइ छ । तीन दिनसम्म सञ्चालन हुने मेलामा करिब ४० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ । मेला सम्पन्न गर्नका लागि रू सात लाख खर्च हुनेछ ।

लोप हुँदै गएका परम्परागत सामग्रीको पहिचान र बजारीकरणका लागि मेलाले सहयोग पुग्ने सङ्घ दुलेगौडा इकाइ अध्यक्ष तुलसी शाहले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेका पुस्तालाई परम्परागत सामग्रीका बारेमा जानकारी छैन । त्यसका लागि पनि मेलाले सहयोग गर्नेछ ।" व्यास नगरपालिकाका उपप्रमुख इन्दिरा दवैले नगरपालिकाले विभिन्न वडामा महिला उद्यमी तयार पारेको भन्दै तिनै उद्यमीलाई प्रोत्साहन गर्न मेलाले सहयोग पुग्ने बताउनुभयो । मेलामा स्थानीय तथा राष्ट्रियस्तरका ख्यातिप्राप्त कलाकारको प्रस्तुति, महिलाको आर्थिक, सामाजिक र कानुनी हक स्थापित गर्न चेतनामूलक कार्यक्रम, वित्तीय साक्षरता तथा अभिमुखीकरण कार्यक्रम गरिने सङ्घकी सचिव सरु श्रेष्ठले जानकारी दिनुभयो ।